जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५ २०८० साल साउन ३१ गते बुधबार (16 Aug. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : असहज बनेको भ्रष्टाचार... ३ पृष्ठमा : हुलाकी राजमार्गमा ९१ ... ३ पृष्ठमा :पेट्रोल पम्पमा आगो लाग्दा...

# पत्रकार महासंघको आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित




**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले घोषणा गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम मंगलबारको मितिबाट स्थगित गरेको जनाएको छ ।

पत्रकार महासंघले उठाएका दुबै माग वार्ताको माध्यमले प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रहरी प्रमुख नरेन्द्र कार्कीले सम्बोधन गर्दै कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित गरिएको महासंघका अध्यक्ष श्रवणकुमार देवद्वारा जारि विज्ञप्तिमा उल्लेख छ ।

जारि विज्ञप्तिमा मंगलबार भएको वार्तामा जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचना त्रुटिपूर्ण रहेको र प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले गल्ती भएको भन्दै माफी समेत मागेको तथा पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको र आगामी दिनमा यस किसिमका त्रुटी नगर्ने प्रतिबद्धता जिल्ला प्रशासन कार्यालयले जनाएको उल्लेख छ ।

त्यस्तै पत्रकार मनोहर पोखरेलमाथि जिल्ला प्रहरी कार्यालयम सप्तरीमा २०८० साउन १५ गते घटेको घट्ना सम्बन्धमा प्रचलित कानून अनुसार कारवाही गरी नेपाल पत्रकार महासंघ सप्तरीलाई जानकारी गराउने प्रतिबद्धता जनाइएको छ ।

सोही विज्ञप्तिमा जिल्ला प्रशासन कार्यालयले पटक-पटक वार्ताका निम्ति पत्र पठाएको र ३० गते मंगलबार आयोजित धर्नास्थलमै आएर प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले वार्ताका निम्ति अनुरोध गरेपछि विङ्सका नेतृत्वसँग समेत सल्लाह गरेर पत्रकार महासंघका पदाधिकारी र सदस्य वार्तामा बसेको जनाइएको छ ।

महासंघको आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता जनाउने. सम्पूर्ण पत्रकार, सरोकारबालाका साथै ऐक्यवद्धता जनाउने विभिन्न संघ संस्थाप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन समेत गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले २०८० साउन २३ गते जारी गरेको सूचनाले संविधान विपरित प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने काम भएको ठहर गर्दै विगत ६ दिनदेखी पत्रकार महासंघ आन्दोलनमा रहेको थियो ।

# राष्ट्रिय एकता लागी राजतन्त्र अपरिहार्य : बरिष्ठ उपाध्यक्ष तामाङ




**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका बरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले राष्ट्रिय एकताका लागी राजतन्त्र अपरिहार्य रहेको बताएका छन् ।

मंगलबार राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्य समिती सप्तरीद्वारा आयोजित जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेलालाई प्रमुख अतिथीको आसनबाट सम्बोधन गर्दै उनले यस्तो बताएका हुन ।

पृथ्वी नारायण शाहले एकिकरण गरेको नेपाललाई एतिहासिक उपलब्धीको संज्ञा दिदै उनले देशका सम्पुर्ण जनताका बीच भावनात्मक एकताका लागी समेत राजतन्त्र अपरिहार्य रहेको बताए ।

उनले मुलुकमा देखिएको विचलित अवस्थालाई मध्यनजर गर्दै अभिभावकका रुपमा राजतन्त्र आवश्यक रहेकोले राष्ट्रिय प्रजातन्त्र पार्टी राजतन्त्रको पक्षमा वकालत गर्दै आएको जिकिर गरे ।

उनले संसारमा झण्डै २ सय राष्ट्र भएपनि दुई तिहाई हिन्दु धर्मावलम्बी वसोवास गर्ने देश नेपाल नै भएकाले यसलाई हिन्दु राष्ट्र बन्नबाट रोक्नु अन्याय नै भएको बताए ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी प्रवेश गरेका १ सय ३२ जना नव प्रवेशीहरुलाई बरिष्ठ उपाध्यक्ष तमाङ्गले फुलमाला लगाएर स्वागत गरेका थिए ।

राप्रपाका जिल्ला अध्यक्ष उम्देश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका तराई मधेश संयोजक राम प्रसाद साह, केन्द्रीय सदस्य शत्रुघन महासेठ, जया महतो, द्रोपती चौधरी, प्रदेश साँसद कञ्चन विच्छा, प्रदेश समिती सदस्य विनोद पाण्डे, नागेन्द्र प्रसाद साह, श्रवण बलम पण्डि लगायतले पनि बोल्दै हिन्दु राष्ट्र र राजाको पक्षमा

*बाँकी तीन पृष्ठमा*

# आगो निभाउने क्रममा महिला घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीको कंचनरुप १ बैरवामा सोमबार भएको आगलागिमा एक महिला घाइते भएका छन् ।

स्थानीय ४० वर्षिया रामकली यादव घाइते भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आगो निभाउने क्रममा उनको बायाँ पाखुरा, पिठ्युमा सामान्य पोलेकोले भारदह अस्पतालमा उपचार भईरहेको छ ।

स्थानीय अयोधि यादवको गाईगोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्केर आगलागि हुँदा उक्त नगद ५ हजारसहित २ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगोलाई कंचनरुप नगरपालिकाको दमकल, नेपाल प्रहरी, स्थानियबासीको सहयोगमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रजिअ थापाको सरुवा

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको मंगलबार सरुवा भएको छ ।

प्रजिअ थापा ११ महिना अघि सप्तरी आएका थिए । उनको चितवनमा सरुवा भएको हो ।

उनको ठाउँमा नयाँ प्रजिअ किरण थापा आउने भएका हुन् । किरण नुवाकोटबाट सप्तरी आउन लागेका हुन ।

# बरामद सुनको तौल ६० किलो ७१६ ग्राम कायम

काठमाडौँ, ३० साउन (रासस) ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छली अवैध रूपमा नेपाल भित्रिएको सुनको वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ ।

बरामद गरिएको सामानको सुनसहितको कूल तौल एक सय ५५ किलो चार सय ६८ ग्राम भएकोमा नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखाले ब्रेकशु, प्याकेजिङ कार्टुनलगायतबाट छुट्याएपछिको सुन तौल ६० किलो सात सय ८९ ग्राम कायम भएको थियो । तर मंगलबार उक्त सुन गाल्दा ७३ ग्राम जर्ती काटिएपछि वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको महाशाखा प्रमुख थानेश्वर आचार्यले जानकारी दिनुभयो ।

रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुईपाँग्रे सवारीको पार्टस् ब्रेक शुभित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिरिँदै गर्दा राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामङ्गल क्षेत्रबाट बरामद गरेको थियो ।

"हामीले बरामद सुन मंगलबार गालिसकेपछि धेरै ठूलो जर्ती गएन । वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ", उहाँले भन्नुभयो, "सामान्य रुपले हेर्दा राम्रो गुणस्तरकै सुनजस्तो देखिन्छ । तर वास्तविक गुणस्तर परीक्षण तीन दिनभित्र गरिसक्छौँ ।"

राष्ट्र बैंकले सुन गालिसके पनि यो प्रकरणको छानबिन प्रक्रिया भने

*बाँकी अन्तिम पृष्ठमा*

**सर्पको टोकाईबाट बचौं**

- घरवरिपरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# असहज बनेको भ्रष्टाचार नियन्त्रण

काठमाडौं, ३० साउन (रासस)। भ्रष्टाचारको जालोमा जेलिएको नेपालमा अहिले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सय किलो सुन प्रकरण चर्चाको विषय बनेको छ। यसअघि भ्रष्टाचारको कारबाहीको सन्दर्भमा ठूला माछालाई कारबाही नभएकामा यसपटक पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री, सरकारका बहालवाला सचिवसमेत १६ जना भुटानी शरणार्थी प्रकरणमा काठमाडौं जिल्ला अदालतको थुनछेकको आदेशले हाल केन्द्रीय कारागारमा रहेकाले पनि बढी चर्चा भएको हुनसक्छ। अन्य दुई काण्डमा भने हालसम्म योभन्दा धेरै संख्यामा काठमाडौं प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरिरहेको र पक्राउ पर्नेको संख्या दिनदिनै बढिरहेको छ। संख्या जति बढे पनि आम जनताको माग भने पहिले झैं भरिया र बिचौलियालाई कारबाही गरेर ठूला माछालाई चोख्याउने काम गर्नु भएन, भ्रष्टाचारका सबै काण्डको फायल खोलेर जरोसम्म कारबाही गर्नुपर्छ भन्ने रहेको छ। अर्थात दोषी देखिए जो कोहीलाई कारबाही गर्नुपर्छ भन्ने नै हो।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न २०४७ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना गरियो। यो आयोगलाई सक्रिय पारेर भ्रष्टाचार नियन्त्रण गर्न २०५९ सालमा भ्रष्टाचार नियन्त्रण ऐन आयो। सो ऐनको दफा २ ले जुनसुकै गलत कामलाई भ्रष्टाचार मानेको छ। यता व्यवहारमा भने भ्रष्टाचारीले भ्रष्टाचार गरेर लिएको रुपैयाँको नम्बर अख्तियारको प्रतिनिधिले नोट गरेर उजुरी गर्दासमेत कारबाही नभएका थुप्रै घटना पनि छन्। यसो हुनुको मूल कारण त्यो पदमा बस्ने मानिस इमान्दार नभई तल्लो तहदेखि नै गलत गर्दै आएको मानिसले नै अवसर पाएकाले यसो भएको हो भन्ने पर्ने हुन्छ। फलस्वरुप नेपाल विश्वका भ्रष्टाचारी देशहरूमा ५३ औं स्थानमा रहेको छ ।

एक अध्ययनले नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रक्रियागत र बाँकी साना र संस्थागत भ्रष्टाचार हुने गरेको देखाएको छ। यसरी भ्रष्टाचारको परिभाषा गरेर यो ऐन ल्याइसकेपछि पनि यसको जरो अझै भेटिएको छैन। यसको मूल कारण मन्त्रिपरिषद्को निर्णयको विरुद्ध कारबाही गर्न नपाइने प्रावधान भ्रष्टाचार नियन्त्रण ऐनमा गरेकाले नै आजको अवस्था आएको हो भन्न सकिन्छ। यो कानुन संशोधन नगरेसम्म नेपालबाट भ्रष्टाचार नियन्त्रण गर्न मुस्किल छ।

भ्रष्टाचार नियन्त्रण गर्ने निकाय असफल जस्ता देखिएका छन्। यही भएर अहिले भ्रष्टाचारीहरूलाई स्वयम् सरकारको निर्देशनमा कारबाही सुरु भएको छ। लामो समयसम्म भ्रष्टाचार नियन्त्रणको काम नभएकाले अति भएको अर्थमा यही साउन २१ गते सर्वोच्च अदालतबाट ललिता निवास जग्गा प्रकरणमा मन्त्रिपरिषदका सदस्यहरूलाई पनि कारबाही गर्न सकिने निर्देशन दिएकाले भ्रष्टाचारमा संलग्न उच्चपदस्थ अधिकारीलाई कारबाही गर्ने बाटो खुलेको छ। यसै सन्दर्भमा हाले राजश्वले सिआइबीलाई कारबाही गर्ने जिम्मा दिएको छ। यो कामले राजनीतिक शिर्ष नेतृत्वको भ्रष्टाचारको विरुद्ध इच्छाशक्ति भएमा भ्रष्टाचार नियन्त्रणको काम हुनसक्छ भन्ने पुष्टि भएको छ।

विगतमा राजनीतिक नेतृत्वले भ्रष्टाचार नियन्त्रण गर्न सकेको थिएन। विगतमा गलत भयो भनेर नेपालमा ०४६ सालमा ऐतिहासिक जनआन्दोलनबाट ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्था समाप्त गरेर बहुदलीय व्यवस्था पुर्नस्थापना भएको १० वर्षको अनुभवपछि पनि भ्रष्टाचार नियन्त्रण नभएकाले यसैलाई नियन्त्रण गर्ने उद्देश्यकै लागि २०५९ सालमा भ्रष्टाचार नियन्त्रण गर्न ऐन ल्याएको भए पनि यतिका वर्षपछि पनि मुलुकमा भ्रष्टाचारका ठूलाठूला काण्डहरू भएपनि अहिलेसम्म कुनैको पनि सतहसम्म निराकरण भएको छैन। केवल विवादैविवाद भइरहेको छ। हुन त ३० वर्षमा २८ वटा सरकार परिवर्तन भएर मुलुकमा स्थिर सरकार नभएकाले सुशासनको अभावले यस्तो भएको हुनसक्छ। तर यसो भनेर सधैं भ्रष्टाचारी र गलत गरेकालाई छुट दिन हुँदैन, सकिदैन। यसै गरिरहने हो भने पञ्चायती व्यवस्थालाई दोष लगाएर बहुदलीय र त्यो पनि भएन भनेर २०६२/६३ को आन्दोलन गरेर २४० वर्ष शासन गरेको राजसंस्थालाई २०६५ जेठ १५ गते संसदको निर्णयबाट विस्थापित गरेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको के अर्थ रहन्छ ? यो हाम्रा लागि अहम् प्रश्न भएको छ। यही प्रश्नको उत्तर नपाएर आम नेपाली जनता यतिबेला निराश भएका छन्। विरोधका स्वरहरू चर्किरहेका छन्। नयाँ दलका नयाँ अनुहारहरूले जनताको समर्थन पाएर स्थापित भइरहेका छन्। यसो भएकाले अहिलेको राजनीतिक प्रणालीमा ३० औं वर्षदेखि शासन गर्दै आएका ठूला दलका शिर्ष नेताहरूको अगाडि चुनौतीको चाङ खडा भएको छ। यसको तत्काल समाधान गर्न सबै मिलेर भ्रष्टाचार नियन्त्रण गर्नुको विकल्प छैन।

अहिले नेपालमा अनौठो अभ्यास भइरहेको छ। हुन त यस्तो अभ्यास बहुदलको पुर्नस्थापनापछि पनि भएकै हो। त्यो ठीक भएन, विकृति ल्यायो भनेर राजनीतिक प्रणाली नै फेरेपछि पनि उस्तै भइरहनु भनेको बिडम्बना नै हो। यतिबेला माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तेस्रो पटक सरकारको नेतृत्व गरिरहनु भएको छ। विगतको अनुभवले हो वा अहिलेका चुनौती र जनभावना बुझेर हो वर्तमान सरकारले हिम्मतका साथ भ्रष्टाचारका तीन ठूला विषयमा कारबाही प्रक्रिया अगाडि बढाएको छ र भ्रष्टाचारीलाई कारबाही गर्ने सवालमा यो दल वा व्यक्ति नभनी बिना कुनै सम्झौता कारबाही गर्ने प्रतिबद्धता पटकपटक दोहोराएर उप प्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसमेतले आमरूपमा प्रशंशा पाइरहनु भएको छ। यद्यपि, यी विषयहरूमा नाम मुछिएका व्यक्तिहरूसमेतलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आम माग यथावत नै छ। अहिले भइरहेको कारबाहीले पनि पहिलेकै पुनरावृत्ति हुने हो कि भन्ने आशङ्का पनि कतिपयले गर्ने गरेका छन्। यही शङ्काको घेराको सन्दर्भलाई आधार बनाएर सय किलो सुनकाण्डमा निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठनको माग राखेर प्रमुख प्रतिपक्षी नेकपा( एमाले) ले केही दिनदेखि संसद अवरुद्ध गरिरहेको छ।

कतिपयले भने नेपालमा सुन तस्करी पञ्चायतीकालदेखि हालसम्म नियन्त्रण नभएको र यो अहिलेसम्मकै ठूलो सुन काण्ड भएकाले निष्पक्ष अनुसन्धान र दोषीलाई कारबाही गर्नका लागि अलग्गै छानबिन समिति गठनको मागलाई पक्ष विपक्षमा आफ्ना तर्कहरू दिइरहेका छन्। थरीथरीका तर्क आइरहेको भएपनि समग्रमा पहिले भएझैं अब कारबाही हात्तीको देखाउने दाँत हुनु भएन, भ्रष्टाचारका सबै काण्डहरूको चुरोसम्म पुगेर मुख्य दोषीलाई समेत कारबाही हुनुपर्छ भन्ने भनाइ आमरूपमा रहेको छ। भ्रष्टाचारको विरुद्धमा जरोसम्म पुगेर उच्चपदस्थ व्यक्तिलाई समेत कारबाही नगरे अब जनता सहने अवस्थामा देखिदैनन्। यस्तै भइरहने हो भने नेपालमा पनि भ्रष्टाचारको विरुद्धमा बङ्गलादेशको घट्ना पुनराबृति नहोला भन्न सकिन्न।

अहिलेसम्म नेपालमा भइरहेको वास्तविकता के हो भने भ्रष्टाचार नियन्त्रण गर्न जे जुन कानुन बने पनि र नियन्त्रण गर्ने पदमा जो रहे पनि भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न स्थापना भएका निकाय र सतनका पदाधिकारीहरू असफल मात्र भएनन् बरु उल्टै भ्रष्टाचारका पृष्ठपोषकका रूपमा देखिए। अख्तियार प्रमुख आयुक्त र आयुक्त नै भ्रष्टाचारको आरोपमा कारबाहीमा परेको बिडम्बनापुर्ण अवस्था रहेको छ। यही कारण भ्रष्टाचार झनझन् व्यापकरूपमा फैलिएर गयो। यस्तै भइरहने हो भने वर्तमान राजनीतिक प्रणालीलाई नै असर पर्न सक्छ। मुलुकमा भ्रष्टाचार संस्थागत भएको कारणले हिजो सबैको नजरमा केही नभएको नांगो मानिस केही वर्षमै राजनीतिको आडमा अरबपतिको रूपमा खडा भए। सात पुस्तालाई पुग्ने सम्पत्ति केही वर्षमै कमाएकाले धनी झन् धनी हुँदै गए भने गरिब झन् गरिब। समाजले पनि जसरी कमाए पनि धनीलाई सम्मान गर्ने र गरिबलाई हेप्ने गरेकाले न सरकारले भ्रष्टाचारीलाई सजाय गर्न सक्यो न त समाजले नै न्याय गर्न सक्यो। यसो भएकाले डरलाग्दो रूपमा समाजमा धनी र गरिबको खाडल र विकृतिहरू बढेर गयो।

समाजवादको नारा दिएको राजनीतिक प्रणालीमा यो नारामा मात्र सीमित भयो। रोजगारी र अवसरको अभावले पढेका र नपढेका लाखौंलाख मानिस विदेशीन बाध्य भए भने यता मनपरी गर्न सजिलो भएकाले मुलुक भ्रष्टाचारमा चुर्लुम्म डुबिरहेको छ। यसो भएपछि विरोध र असन्तुष्टि बढ्नु स्वभाविक भएकाले अहिले यही भइरहेको छ। सहज रूपमा नियन्त्रण हुन नसकेको भ्रष्टाचार वास्तवमा नियन्त्रण गर्न सरकारले कानुनलाई व्यवहारको कसीमा उतारेर भ्रष्टाचारीहरूलाई निर्ममतापूर्वक हदैसम्मको कानुनी कारबाही गरी भ्रष्टाचारबाट कमाएको सम्पत्ति जफत् गर्नुपर्छ। अनि समाजले पनि भ्रष्टाचारीलाई सम्मान गर्नुको साटो सम्पूर्ण रूपमा तिरस्कार गर्नेछ। युरोप र अमेरिकामा झैं श्रमको सम्मान गर्न थालनी गरेपछि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ। यस अर्थमा हालै सम्पन्न सत्तरुढ दुई ठूला दल नेपाली कांग्रेस र माओवादीको केन्द्रीय समिति बैठकको निर्णय अनुसार भ्रष्टाचारबिरुद्धको प्रतिबद्धता र सरकारले थालनी गरेको भ्रष्टाचार बिरुद्धको कारबाहीलाई सबैले पालना गरेर अगाडि बढ्नुपर्ने निर्णय स्वागतयोग्य छ। *(लेखक वरिष्ठ अधिवक्ता हुनुहुन्छ)*

## अब वर्षा कमहुँदै जान्छ : मौसम पूर्वानुमान महाशाखा

काठमाडौं, ३० साउन (रासस)।

गत शुक्रबार रातिदेखि परेको अविरल वर्षा हिजो सोमबारबाट केही कम भएको छ। शनिबार र आइतबारको तुलनामा अबको एक-दुई दिन वर्षा कम हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले पूर्वानुमान गरेको छ।

महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार अबको दुई/तीन दिन वर्षा धेरै हुने देखिँदैं। "मनसुन अबको दुई तीन दिन सक्रिय हुने देखिँदैन। यसको अर्थ वर्षा नै नहुने भन्ने होइन तर, निरन्तर र भारी वर्षाको सम्भावना छैन। शनिबार र आइतबार बढी वर्षा भयो, अब यो क्रमशः कम हुँदै जानेछ", उहाँले भन्नुभयो।

महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर छ। अबको केही दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर नै रहने हुनाले मनसुनी वर्षा कम हुने पूर्वानुमान गरिएको मौसमविद् लामिछानेले बताउनुभयो।

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आङ्शिकदेखि सामान्य बदली छ। कोशी र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ।

रातिको समयमा पनि कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

**नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन अनुरोध**

वर्षाले नदीमा पानीको बहाव बढ्ने भएकाले नदी तटीय क्षेत्रमा आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

मंगलबार कोशी, नारायणी, कर्णाली, महाकाली, कन्काई, कमला, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा जलसतह घट्दो र सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा सामान्य सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

मंगलबार ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सङ्खुवासभा, कास्की लमजुङ, बझाङ, बैतडी, दार्चुला, डडेलधुरा, कन्चनपुर र आसपास भई बहने केही स-साना नदीहरूमा बहाव बढ्नसक्ने पूर्वानुमान रहेकोले तटीय क्षेत्रमा सामान्य सनकर्ता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाका अनुसार भोलि र पर्सी देशभरका प्रमुख नदीमा जलसतह घट्दो हुने तथा सतर्कता तहभन्दा तल हुने, नदी तटीय क्षेत्रका क्रियाकलाप उच्च सतर्कताका साथ गर्न सकिनेछ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## डेङ्गुबाट १३ हजार सङ्क्रमित, सतर्कता अपनाउन आग्रह

काठमाडौं, ३० साउन (रासस)।

देशभरि डेङ्गुको सङ्क्रमण दैनिक बढिरहेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हाल देशभरि ७४ जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिंदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन्।

डेङ्गुको सङ्क्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ। महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिँदा डेङ्गुको सङ्क्रमण बढिरहेको

*बाँकी तीन पृष्ठमा*

# हुलाकी राजमार्गमा ९१ प्रतिशत प्रगति

काठमाडौं, ३० साउन (रासस)। राष्ट्रिय गौरवको हुलाकी राजमार्गको हालसम्मको प्रगति ९१ प्रतिशत पुगेको छ। हालसम्मको भौतिक प्रगति र वित्तीय प्रगति दुवै ९१ प्रतिशत पुगेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ।

आयोजनाअन्तर्गत चितवन, नवलपरासी, दाङ, बाँकेलगायतका जिल्लामा वन क्षेत्रमा अध्ययनका लागि स्वीकृति नपाएका कारण निर्माण सुरु नभएको आयोजना प्रमुख चूडाराज ढकालले बताउनुभयो। त्यसबाहेक अरू क्षेत्रमा भने निर्माणमा समस्या नभएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पुलहरू भने अझै पनि ठेक्का व्यवस्थापन गर्न बाँकी रहेका छन्।"

गत आवमा लक्ष्यका आधारमा वित्तीय प्रगति झन्डै ९८ प्रतिशत र भौतिक प्रगति ८० प्रतिशत रहेको थियो। गत वर्ष १६ पुल सम्पन्न गर्ने लक्ष्य लिइएकामा १६ वटै सम्पन्न भएको र दुई सय ५० किमी सडक कालोपत्र गर्ने लक्ष्य लिइएकामा एक सय ४८ किमी कालोपत्र भएको आयोजनाले जनाएको छ।

हालसम्म एक सय ७६ किमी सडक र ५० पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको उहाँले जानकारी दिनुभयो। वन क्षेत्रको बाहेक हाल झन्डै छ सय किमीमा निर्माणको काम भइरहेको उहाँले बताउनुभयो।

गत आवमा बजेट रु तीन अर्ब ४० करोड रहेकामा खर्च छ अर्ब ९० करोड भएको उहाँले बताउनुभयो। केही वर्षयता अर्थ मन्त्रालयले आयोजनाका लागि छुट्याउने रकमभन्दा झन्डै दोब्बर रकम खर्च भइरहेको छ।

अर्थ मन्त्रालयले स्रोत सुनिश्चितता दिएको र राष्ट्रिय गौरवको आयोजना भएकाले बजेटको अभाव नहुने प्रमुख ढकालले बताउनुभयो। उहाँले भन्नुभयो, "आवको अन्तिममा रकमान्तर गरेर आउने गरेको छ।"

सरकारले आर्थिक वर्षको अन्तिममा थप बजेट वा भौतिक मन्त्रालयको पनि खर्च नहुने शीर्षकबाट रकमान्तर गरेर आयोजनामा खर्च गर्दै आएको छ। राष्ट्रिय गौरवका कुनै पनि सडक आयोजनामा सरकारले बजेट अभाव हुन दिएको छैन।

अब विसं २०८४ सम्ममा आयोजना सम्पन्न गर्नका लागि वन क्षेत्रमा काम गर्ने वातावरण बन्नुपर्ने प्रमुख ढकालले बताउनुभयो। निर्माण व्यवसायीले समयमा काम गर्नुपर्ने र भएका कामको समयमा भुक्तानी दिन सकियो भने मात्रै तोकिएको अवधिमा निर्माण सम्पन्न गर्न सकिने उहाँको भनाइ छ।

विगतमा भएका धेरै ठेक्कामा सरकारले भुक्तानी दिन नसकेर समस्या भएको थियो। यो आयोजनामा भने अरू आयोजनामा भन्दा समस्या कम भएको उहाँको भनाइ छ। उहाँका अनुसार रु २५ करोड भुक्तानी दिन नसकिएको थियो।

आयोजनाअन्तर्गत कतिपय रुग्ण पुल रहेका छन्। कतिपय खण्डमा पुल विस्तार गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

हुलाकी राजमार्गलाई मधेस क्षेत्रको समृद्धिसँग जोडेर सुरु गरिएको हो। मधेसमा देशभरको झन्डै आधाभन्दा बढी जनसङ्ख्या बसोबास गर्ने भएकाले आयोजना सम्पन्न भएपछि त्यहाँका नागरिकको पहुँच बढ्ने अपेक्षा गरिएको छ। त्यस क्षेत्रको व्यापार, कृषिलगायतका क्षेत्रमा राजमार्गले नयाँ सम्भावना खुल्नेछ।

पूर्व-पश्चिम राजमार्गबाट सुरु भएर हुलाकी राजमार्गलाई पार गरी भारतीय सीमासम्म पुग्ने गरी 'फिडर रोड' निर्माण गरिएको छ। राजमार्गले पूर्वदेखि पश्चिमसम्म पूरै तराईलाई समेटेको छ।

हुलाकी राजमार्गअन्तर्गत निर्माण भइरहेको 'फिडर सडक' बाहेक अरू निकायबाट पनि उत्तर दक्षिण जोड्ने गरी सडक निर्माण गरिएको छ। सबै निर्माण सकिएपछि तराईका धेरै ठाउँसम्म सडकको सञ्जाल विस्तार हुनेछ।

हुलाकी राजमार्ग र 'फिडर सडक' दुवै दुई-दुई लेनमा निर्माण अघि बढाइएको छ। सात मिटर कालोपत्र र दुईदेखि साढे दुई मिटर पैदलयात्रु मार्गसमेत गरी ११ देखि १२ मिटर चौडाइमा सडक निर्माण भइरहेको छ। जग्गा उपलब्ध हुँदा १२ मिटर र नहुँदा कम्तीमा ११ मिटर निर्माण गरिएको हो।

आयोजनाअन्तर्गत जम्मा एक हजार आठ सय ५७ किमी सडक र दुई सय ५० पुल रहेको छ। यो आयोजनामा हालसम्म जम्मा ५९ अर्ब ६५ करोड खर्च भएको छ। हालसम्म एक हजार ३९ किमी सडक कालोपत्र भएको र त्यसमध्ये एक सय ३२ पुल सम्पन्न भएको छ।

विसं २०६६ मा सुरु भएको आयोजनाको अवधि चालु आवसम्म रहेको छ। आव २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

### *डेङ्गुबाट १३ हजार ...*

बताउनुभयो। उहाँले दैनिक सङ्क्रमण बढिरहेकाले सतर्कता अपनाउन आग्रह गर्नुभयो।

"दैनिक डेङ्गुको सङ्क्रमण बढिरहेकाले सरसफाइसहित लामखुट्टेबाट बच्न सतर्कता अपनाउनुपर्दछ", निर्देशक डा मरासिनीले भन्नुभयो, "डेङ्गु सङ्क्रमण भदौ र असोजमा उच्च हुने जोखिम छ।"

नेपालमा पहिलो पटक सन् २००४ मा डेङ्गुको सङ्क्रमण देखिएको थियो। सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो।

**सुनसरीमा सात हजार सङ्क्रमित**

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी सुनसरीमा देखिएको छ। महाशाखाका अनुसार सुनसरीमा सात हजार ८९ जना डेङ्गुबाट सङ्क्रमित भएका छन्।

यस्तै मोरङ एक हजार पाँच सय ९१, धादिङमा एक हजार दुई सय दुई, झापामा आठ सय ९६, कास्कीमा दुई सय ४७, धनकुटामा दुई सय ३६, काठमाडौंमा एक सय ९६, दार्चुलामा एक सय ९४, सङ्खुवासभामा एक सय ५६ तथा चितवनमा ९० जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

**कोशी प्रदेशमा बढी**

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी कोशी प्रदेशमा देखिएको छ। कोशीमा १० हजार एक सय ८२ जना यसबाट सङ्क्रमित भएका छन्।

यस्तै बागमती प्रदेशमा एक हजार सात सय ९३, गण्डकीमा पाँच सय १०, सुदूरपश्चिममा चार सय १७, लुम्बिनीमा दुई सय ६३, मधेसमा ९२ र कर्णाली प्रदेशमा ३६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको महाखाले जनाएको छ।

मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ। यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ।

### *राष्ट्रिय एकता ...*

आ-आफ्नो धारणा राखेका थिए। सचिव बलराम शर्माद्वारा संचालित कार्यक्रममा राष्ट्रि प्रजातन्त्र पार्टी जिल्ला कार्य समितीका वरिष्ठ उपाध्यक्ष उमेश प्रसाद साहले अतिथीहरुलाई स्वागत गरेका थिए।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


## विश्व समाचार

### पेट्रोल पम्पमा आगो लाग्दा सत्ताइस जनाको मृत्यु

मस्को, ३० साउन (रासस/एएफपी)। रुसको ककेसस गणतन्त्र दागेस्तानमा रहेको एक पेट्रोल पम्पमा आगलागीसँगै विस्फोट हुँदा २७ जनाको मृत्यु भएको छभने सयभन्दा बढी घाइते भएका छन्। आपतकालीन प्रतिकार्य मन्त्रालयका अनुसार माखचकलामा रहेको पेट्रोल पम्पमा सोमबार राति उक्त दुर्घटना भएको हो। अग्नि नियन्त्रण कार्यालयका साथै सुरक्षा निकायको सहयोगमा आगो पूर्णरुपमा निभाइएको छ।

रूसी स्वास्थ्य मन्त्रालयले भने मखाचकलाका अस्पतालमा धेरै घाइते भर्ना भएका र मृतकको सङ्ख्या बढ्नसक्ने बताएको छ। दागेस्तानका प्रमुख सर्गेई मेलिकोभले पत्रकारहरूसँगको कुराकानीमा दुर्घटनाको अनुसन्धान भइरहेको जनाउँदै व्यक्तिगत लापरबाहीका कारण घटना भएको हो वा होइन भन्ने यकिन भइनसकेको बताएका छन्। दुर्घटनाको खवर प्राप्त हुनेबित्तिकै सुरक्षालगायत अन्य सम्बद्ध निकायका अधिकारी घटनास्थल पुगेर नजिकको बस्तीका मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो।

### हवाई टापुको डढेलोमा उनान्सय जनाले ज्यान गुमाए

लहाइना, ३० साउन (रासस/एपी)। हवाई टापुको माउई जङ्गलमा लागेको डढेलो बस्तीसम्म फैलिँदा ९९ जनाको मृत्यु भएको छभने केयौँ घाइते भएका छन्। हवाईका गभर्नर जोस ग्रीनले मृतकको सङ्ख्या दोब्बरले बढ्नसक्ने बताउनुभएको छ। गत मङ्गलबार वनबाट सल्केको डढेलोले लहाइनाका झण्डै १३ हजार घरमा क्षति भएको छ। बितेका एक सय वर्षमा यति भीषण एवं भयावह अवस्था अमेरिकी जनताले गर्नुपरेको थिएन। विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारण क्रुद्ध भएका छन्। आगोले खरानी नपारेका भग्नावशेषमा मृतकको खोजी जारी छ। हरेक दिन १० देखि २० जनाको डढेको शरीर फेला पर्दैछ, त्यसैले मृतकको सङ्ख्या दुई सयभन्दा बढी हुनसक्ने अनुमान गरिएको खोजमा संलग्न एक जना अधिकारीले बताएका छन्।

बाह्र हजार हवाईबासीको लहाइनामा आगोले सखाप नपारेको कुनै स्थान छैन। नगरको मध्यभागमा रहेको एक सय ५० वर्ष पुरानो वरको रुख डढेर कालो भएको छ भने सडक किनारमा लगाइएका अग्ला रुखका फल पनि डढेका छन्। डढेलोले हवाईका ग्रामीण क्षेत्रमा व्यापक क्षति भएको छभने भवनहरू ध्वस्त भएका छन्, अस्पतालहरू भत्किएका छन् र सयौं विस्थापित भएका छन्। अधिकारीहरूले दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको बताउका छन्।

लहाइनाका घर, पसल र व्यवसायको नामोनिशान छैन, सडक किनारमा राखिएका मोटरकार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्साउँदै हिँड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनाश नै विनाशमात्र देखिन्छ। डढेका पशुको दुर्गन्धले नाक छाप्दै सफाइ गर्नुपरेको छ। आगलागीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी छ। सम्बन्धित निकायका अधिकारीले स्थिति साम्य हुने बित्तिकै क्षतिको मूल्याङ्कन गरिने बताएका छन्। आगालागी भएको स्थानको सरसफाइमा वारुणयन्त्रका कर्मचारीले पनि साथ दिइरहेका छन्। केही स्थानमा क्षतिको आकलन पनि थालिएको छ।

### 'अन्तरराष्ट्रिय मामिलामा भारतले रचनात्मक भूमिका निर्वाह गर्नसक्छ'

मस्को, ३० साउन (रासस/एएनआई)। रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले अन्तरराष्ट्रिय मामिलामा भारतले रचनात्मक भूमिका निर्वाह गर्नसक्ने बताउनुभएको छ। भारतको ७७ औं स्वतन्त्रता दिवसका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीलाई बेग्लाबेग्लै पठाउनुभएको शुभकामना सन्देशमा रुसी राष्ट्रपतिले अन्तरराष्ट्रिय जगत्मा प्रभाव र प्रतिष्ठा कमाएको भारतले विश्व मामिलामा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने उल्लेख गर्नुभएको छ।

"भारतले आर्थिक, वैज्ञानिक, प्राविधिक, सामाजिक र अन्य क्षेत्रमा विश्वव्यापी रूपमा मान्यता एवम् सफलता हासिल गरेको छ, विश्व मञ्चमा सम्मान प्राप्त भारतले साझा चासोका वैश्विक मामिलामा रचनात्मक भूमिका निर्वाह गर्नसक्छ" नयाँदिल्लीसँगको विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीको सम्बन्धलाई आफूले उच्च महत्व दिएको बताउँदै राष्ट्रपति पुटिनले सन्देशमा भन्नुभएको छ।

रुस र भारतको संयुक्त प्रयासबाट सबै क्षेत्रमा फलदायी द्विपक्षीय सहयोग विस्तारको साथै क्षेत्रीय एवं विश्वव्यापी मुद्दाहरू समाधान गर्न रचनात्मक साझेदारीलाई अझ सुदृढ बनाउन आफू तत्पर रहेको बताउँदै रुसी राष्ट्रपतिले मित्र राष्ट्रहरूको हित प्रवर्द्धनमा सक्दो योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। यसैगरी, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँले ७७औं स्वतन्त्रता दिवसको अवसरमा बधाई ज्ञापन गर्दै नयाँदिल्ली पेरिसको 'विश्वसनीय मित्र' भएको बताउनुभएको छ। उहाँले गत महिना भएको प्रधानमन्त्री मोदीको फ्रान्स भ्रमणको स्मरण गर्दै भविष्यमा द्विपक्षीय सम्बन्ध अझ घनीभूत हुने विश्वास व्यक्त गर्नुभएको छ।

# शिक्षक र विद्यालय कर्मचारी धर्नामा




**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

शिक्षा ऐनको मस्यौदा तथा सरकार संग विगतमा भएको ३० र ५१ बुंदे सहमतीमा सुधार माग्दै मंगलवार सप्तरीका शिक्षक र विद्यालय कर्मचारी राजविराजस्थित जिल्ला शिक्षा विकास समन्वय एकाई शाखामा धर्नामा वसेका छन् ।

कार्यालयको मुल गेट मै १८ वटै पालिकाबाट आएका शिक्षक र विद्यालय कर्मचारी धर्नाम वसेपछी कार्यालयको कामकाज ठप्प भयो भने जिल्लाभरका सरकारी विद्यालयको पठनपाठन प्रभावित बन्यो ।

जिल्ला स्थित शिक्षक महासंघको अगुवाईमा विहान ११ बजे देखी ३ बजे सम्म धर्ना कार्यक्रम गरिएको छ । यस अघि २८ साउनमा सम्बन्धित पालिका मै ४ घण्टा धर्ना तथा पालिका प्रमुख मार्फत आफूहरुको जायज माग सम्बोधन गर्न सरकारलाई ध्यानाकर्षण पत्र पठाउँदा पनि कुनै सुनवाई नभएकाले आन्दोलनलाई निरन्तरता दिइएको शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेश प्रसाद यादवले बताए ।

उनले अहिले सार्वजनिक भएको विद्यालय शिक्षा ऐन २०८० को मस्यौदामा रहेका केही दफाहरु संविधान प्रदत ट्रेड युनियन अधिकार, शिक्षक-कर्मचारीको पेशागत सुरक्षा र स्वभिमानको खिलाफ रहेको बताए ।

मस्यौदामा नेपाल शिक्षक महासंघ र नेपाल सरकारबीच भएको ३० र ५१ बुंदे सहमतीमा शिक्षक र विद्यालय कर्मचारीको सबै मुदा उचित ढंगले समेटिन न सकिएको आन्दोलनरत शिक्षक र कर्मचारीको भनाई छ ।

विद्यालय शिक्षा ऐन २०८० को मस्यौदाले स्थायी, अस्थायी, करार, राहत, साविक उमावी, बालकक्षा, विषेश कक्षा, शिक्षण शिकाई, अनुदान प्राविधीकधार, संस्थागत विद्यालय शिक्षक लगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका धेरै माग मुद्दाको सम्बोधन हुन नसकेको उनीहरुको भनाई छ ।

# खेलकुदका कर्मचारीद्वारा आन्दोलनलाई निरन्तरता



**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

१९ वर्ष देखी रोकिएको बढुवा प्रक्रिया शूरु गर्न माग गर्दै विगत तीन दिन देखी हातमा कालो पट्टी बाँधेर काम गर्दै आएका जिल्ला खेलकुद विकास समिती सप्तरीका प्रशासनिक तथा प्राविधीक कर्मचारीहरुले मंगलवार पनि यसलाई निरन्तरता दिएका छन् ।

लामो समयदेखि रोकिएको बढुवा प्रक्रिया यथासिघ्र अगाडी बढाउन राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघले युवा तथा खेलकुद मन्त्रालयलाई पटक/पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि कुनै चासो नदेखाइएकाले बाध्य भई चरणबद्ध रुपमा संघर्षका कार्यक्रम गर्नु परेको जिल्ला खेलकुद कर्मचारी संघका अध्यक्ष संजय जोशीको भनाई छ ।

# देशभर ८७ प्रतिशत भूभागमा धान रोपाइँ, गत वर्षभन्दा सात प्रतिशत कम

काठमाडौँ, ३० साउन (रासस) ।

मुलुकभर ८७ प्रतिशत भूभागमा रोपाइँ सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

कृषि विभागबाट प्रदेश सरकारसँगको समन्वयमा तयार गरिएको साउन २६ गते सम्मको तथ्याङ्कअनुसार हालसम्म १४ लाख ८८ हजार ४९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको मन्त्रालयका प्रवक्ता शवनम शिवाकोटीले जानकारी दिनुभयो । गत वर्ष यही समयमा देशभर ९४ प्रतिशत धान रोपाइँ सकिएको थियो ।

विशेषगरी मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मनसुन सुरु हुन ढिलो भएका कारण रोपाइँमा कमी देखिएको उहाँले सुनाउनुभयो । बिस्तारै मनसुन सक्रिय भइरहेको तथा रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै गएको छ ।

मध्य तराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेको छ । साउन मसान्त सम्ममा ९२-९५ प्रतिशतसम्म रोपाइँ हुने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ । कोशी प्रदेशमा यस वर्ष अहिलेसम्म ९४ प्रतिशत भूभागमा धान रोपाइँ भएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ९४ प्रतिशत भूभागमा नै धान रोपाइँ सम्पन्न भएको थियो ।

मधेस प्रदेशमा हालसम्म ६८ प्रतिशत भूभागमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष यही समयमा सो प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो । बागमती प्रदेशमा हालसम्म ८८ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ सकिएको छ । गत वर्ष साउन २६ गतेसम्म बागमती प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो ।

गण्डकी प्रदेशमा हालसम्म ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । गत वर्षको साउन २६ गतेसम्म यो प्रदेशमा ९७ प्रतिशत भूभागमा रोपाइँ सकिएको थियो । लुम्बिनी प्रदेशमा ९३ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा ९० प्रतिशत भूभागमा धान रोपाइँ सकिएको थियो ।

कर्णाली प्रदेशमा हालसम्म ९८ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको छ । गत वर्ष यही समयमा सो प्रदेशमा ९९ प्रतिशतमात्र रोपाइँ भएको थियो ।

सुदूरपश्चिम प्रदेशमा हालसम्म ९९ प्रतिशत धान रोपाइँ सकिएको छ । सो प्रदेशमा गत वर्ष यही समयमा शत्प्रतिशत अर्थात् सबै भूभागमा धान रोपाइँ सकिएको थियो ।

यसैगरी नेपालमा उत्पादन भएको गोलभैँडा भारतमा निर्यात हुन थालेको मन्त्रालयले जनाएको छ । साउन २८ गते सम्ममा काँकडभित्ता र भैरहवा नाकाबाट गरी करिब ३० मेट्रिक टन गोलभैँडा निर्यात भएको छ । गोलभैँडा, हरियो मटरकोसा, हरियो खुर्सानीलगायत तरकारी बालीलाई भारतको प्लान्ट क्वारेन्टाइन अर्डर सूचीमा समावेश गरी निकासलाई सहजीकरण गर्न नेपालबाट पटक पटक अनुरोध गर्दै आएको थियो ।

भारतले सर्तसहित निश्चित समयलाई आयात खुला गरेको भन्ने जानकारीअनुसार भारत निकासी हुन सुरु भएको मन्त्रालयले जनाएको छ । यसलाई निरन्तरता दिन थप पहल हुन सकेमा व्यापार घाटा कम हुने तथा बजार विस्तार भई कृषकले समेत राम्रो मूल्य पाउने सम्भावना रहेको जनाइएको छ ।

# त्रिविको प्रमाणपत्र समकक्षता पत्र कीर्ते गरेको आरोपमा छ जना पक्राउ

काठमाडौँ, ३० साउन (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिविको) प्रमाणपत्र समकक्षता पत्र कीर्ते गरेको अभियोगमा प्रहरीले सोमबार सिटिजन्स बैंकका छ जना कर्मचारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चालकटोल बुटवल शाखामा कार्यरत मनिषा मास्के, गोमा ज्ञवाली मणिग्राम शाखा, कल्पना खत्री कालिकानगर शाखा, प्रतीक्षा रेग्मी कालिकानगर शाखा, खिमडा गौतम बुटवल शाखा तथा दीपक विष्ट (नागरिक बैंक मुद्दा) रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ परेका छ जनामध्ये दीपक विष्टलाई काठमाडौँबाट र अन्यलाई रुपन्देहीको बुटवलबाट पक्राउ गरिएको हो ।

### *बरामद सुनको ...*

सकिसकेको छैन । गालीसकेको सुन अब के हुन्छ भन्ने विषयमा सरकारले नै निर्णय लिने आचार्यको भनाइ छ । जुनसुकै अवैध सामग्री बरामद भएपछि त्यो स्वतः सरकारको स्वामित्वमा जान्छ र त्यस्तो सामग्री के गर्ने भन्ने विषयमा सरकारले नै निर्णय लिन्छ । सामान्यतः बरामद सुनको तौल र गुणस्तर परीक्षणपछि अन्तर्राष्ट्रिय मूल्यमा पाँच प्रतिशत थप रकम तिरेर सरकारसँग राष्ट्र बैंकले किन्ने गरेको छ ।

सुन तस्करीबारे अनुसन्धान जारी छ । सो सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले अनुसन्धान गरिरहेको छ ।


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*